# जिल्ला समन्वय समिति, सिरहा

**प्रदेश नं. २, नेपाल**

(कर्मचारी प्रशासन शाखा)

☎ ००९७७-३३-५२०११६
५२००१५
५२०७७०
Email-infoddcsiraha@gmail.com
Website-www.dccsiraha.gov.np


पत्र संख्या :-२०७६/०७७
चलानी नंम्बर :- १६८

मिति :-२०७६/०९/१०

**विषय : *निर्णय प्रतिलिपी पठाईएको वारे।***

**श्री नगर/गाउँ कार्यपालिकाको कार्यालय सवै (१७)**
**सिरहा।**

उपरोक्त सम्बन्धमा मिति २०७६/०९/०९ गतेका दिन जिल्ला समन्वय समिति, सिरहाका प्रमुख रामचन्द्र ठाकुर ज्यूको संयोजकत्वमा वसेको जिल्ला स्तरीय नदी जन्य तथा ढुंगा, गिट्टी, वालुवा खानीजन्य पदार्थको उत्खनन संकलन र विक्री वितरण सम्बन्धि अनुगमण तथा समन्वय समितिको बैठकको निर्णय प्रतिलीपी यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ।

..................................
**(रामचन्द्र ठाकुर)**
**प्रमुख**

प्रमुख
जिल्ला समन्वय समिति,सिरहा

D:\जि.स.स लेखा\Letters\2076 to 2077\जिल्ला समन्वय समिति सिरहा\Nirnay Pratilipi Pathaeako Bare.doc

Scanned by CamScanner

Date : ____/____/____

आज मिति २०७६।०३।०९ गते बुधवारका दिन जिल्ला स्तरीय नदीजन्य तथा ढुंगा, गिट्टी, वालुवा खानीजन्य पदार्थको उत्खनन संकलन र बिक्री वितरण सम्बन्धी अनुगमन तथा समन्वय समितिको बैठक जिल्ला समन्वय समिति, सिरहाका प्रमुख श्री राम चन्द्र ठाकुर ज्यूको संयोजकत्वमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

१. श्री राम चन्द्र ठाकुर - जिसस प्रमुख, - संयोजक
२. श्री गोपाल कुमार अधिकारी - प्र. जि. अ. - सदस्य
३. श्री उमा प्रसाद चतुर्वेदी - प्रहरी उपरीक्षक - सदस्य
४. श्री प्रवीण कुँडेल - सशस्त्र प्रहरी उपरीक्षक - सदस्य
५. श्री राजेश लाल कर्ण, इन्जियर, खानी विकास कार्यालय, सिरहा - सदस्य
६. श्री [illegible] - डि. पु. [illegible]
७. श्री राजीव कुमार झा - जि. स. अ., सिरहा - स. सचिव

आमन्त्रित

८. श्री हरि नारायण चौधरी - प्रमुख, धनगढीमाई न.पा
९. श्री रमेश चन्द्र यादव - रा. अनुसन्धान जिल्ला कार्यालय, सिरहा
१०. श्री कमल राज भण्डारी - प्रमुख, इलाका प्रशासन कार्यालय, लहान
११. श्री राजेन्द्र यादव - धनगढीमाई नं. पा. ७

**प्रस्ताव नं. १:-** सिरहा जिल्ला अन्तर्गतको स्थानीय तहहरुले गर्ने नदी तथा खानीहरुवाट गिट्टी, ढुंगा, वालुवा र माटो उत्खनन कार्यको अनुगमन सम्बन्धमा।

**प्रस्ताव नं. २:-** वालुवा प्रशोधन उद्योग (वासिङ्ग/फिरफिरे) र क्रसर उद्योगको संचालन तथा अनुगमन सम्बन्धमा।

**प्रस्ताव नं. ३:-** अनुगमन उप-समिति गठन गर्ने सम्बन्धमा।

Scanned by CamScanner

**निर्णय नं. १**

सिरहा जिल्ला भित्रका स्थानीय तहहरुले खानी खोलाहरुमा लगाउने नदीजन्य (ढुंगा, गिट्टी र वालुवा) तथा खानीजन्य पदार्थको उत्खनन देहाय बमोजिम गर्नु पर्नेछ :-

क) IEE स्वीकृत गराई तोकिएको शर्त तथा मापदण्ड बमोजिम मात्र उत्खनन गर्ने गरी ठेक्का लगाउने,

ख) उत्खनन हुने स्थानमा तपसिलको व्यहोरा स्पष्ट रुपमा देखिने गरि होडिङ्ग बोर्ड (सूचना पाटी) राख्न लगाउने कार्य स्थानीय तहले गर्ने,

- स्वीकृति दिने निकाय, स्थान-क्षेत्र, पदार्थको किसिम र परिमाण,
- उत्खनन गर्ने गहिराई/चौडाई, राजश्व/दस्तुर रकम,
- अमानत वा ठेक्का प्रक्रिया, व्यवसायी भए नाम-थर, ठेगाना-सर्म्पक नम्बर

यस बमोजिम भए नभएको सम्बन्धमा यस समितिबाट समय समयमा अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

सिरहा जिल्ला भित्र संचालनमा रहेको वालुवा प्रशोधन उद्योगहरु (वासिङ्ग/फिरफिरे) र क्रसर उद्योगहरु मापदण्ड बमोजिम संचालन भए नभएको सम्बन्धमा अनुगमन गरी तोकिएको शर्त/मापदण्ड पालना गर्नेहरुलाई मात्र संचालन गर्ने अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

सिरहा जिल्लाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) तथा खानीजन्य पदार्थको उत्खनन, संकलन र विक्री सम्वन्धि प्रक्रियाको अनुगमन गर्न जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा रहेको जिल्ला अनुगमन समितिले आक्समिक रुपमा अनुगमन गरिरहने र नियमित रुपमा अनुगमन गर्नको लागि इलाका प्रशासन कार्यालय, लहानका प्रमुख श्री कमल राज भण्डारीको संयोजकत्वमा देहाय बमोजिमको अनुगमन उपसमिति गठन गर्ने र सो उपसमितिले आफ्नो अनुगमन प्रतिवेदन नियमित रुपमा जिल्ला समन्वय समिति प्रमुख र प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्ने निर्णय गरियो ।

**<u>अनुगमन उपसमिति</u>**

१. श्री कमल राज भण्डारी - प्रमुख, इलाका प्रशासन कार्यालय, लहान - संयोजक
२. पूर्वाधार सँग सम्बन्धित कार्यालयको प्रमुख वा अधिकृत स्तरको प्रतिनिधि - सदस्य
३. जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत स्तरको प्रतिनिधि - सदस्य
४. घरेलु तथा साना उद्योग कार्यालय, सिरहा को अधिकृत स्तरको प्रतिनिधि - सदस्य
५. जिल्ला प्रहरी कार्यालय, सिरहा को अधिकृत स्तरको प्रतिनिधि - सदस्य
६. सशस्त्र प्रहरी कार्यालय, सिरहा को अधिकृत स्तरको प्रतिनिधि - सदस्य
७. सम्वन्धित स्थानीय तहको प्रतिनिधि - सदस्य
८. संयोजकले तोकेको कर्मचारी - सदस्य सचिव

अनुगमनमा संलग्न पदाधिकारी/कर्मचारीहरुको लागि आवश्यक पर्ने खर्च व्यवस्थापनको लागि सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्ने ।

Scanned by CamScanner